# चौरीलेकमा फोहोर संकलन तथा व्यवस्थापन कार्यक्रम

मिती २०८२ भाद्र १४ गते

डिभिजन वन कार्यालय रुकुम (पूर्वि भाग)




रुकुम पूर्वको प्रमुख पर्यटकिय स्थल चौंरी लेकमा फोहोर संकलन तथा व्यवस्थापन कार्यक्रम २०८२ भाद्र १४ गते सम्पन्न भएको छ ।शनिबार सम्पन्न कार्यक्रममा लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव, वन महानिर्देशक, रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत सुरक्षा निकायका प्रमुख, विभिन्न जिल्लाका डिभिजन वन कार्यालयका प्रमुख र वन अधिकृतहरू, भुमे गाउँपालिका–१ का वडा अध्यक्ष, अन्य स्थानीय तहका जनप्रतिनिधि तथा समाजका विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो।

चौंरी लेक क्षेत्रलाई पर्यापर्यटन प्रवर्द्धन मार्फत दीर्घकालीन रुपमा संरक्षण तथा विकाश गर्न फोहोर संकलन तथा व्यवस्थापन कार्यक्रमबाट वन र वातावरण संरक्षणसँगै फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन सकेमा चौंरी लेक केवल रुकुम पूर्वकै नभई प्रदेश र राष्ट्रिय स्तरको आकर्षक पर्यटन केन्द्र बन्न सक्छ भन्ने उद्देश्यले उक्त कार्यक्रम गरिएको हो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण चौंरी लेक क्षेत्रलाई दिगो पर्यटन गन्तव्यको रूपमा विकास गर्नुका साथै स्थानीय समुदायलाई पनि प्रत्यक्ष लाभ हुने गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको यस अवसरमा सहभागी विशिष्ट व्यक्तित्वहरूले चौंरी लेकको संरक्षण र प्रवर्द्धनलाई दिगो रूपमा अघि बढाउन सुझाव र प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँहरुले वन तथा वातावरण संरक्षण र पर्यटनसँग जोडिएको स्थानीय रोजगारी सिर्जनामा जोड दिनुपर्ने धारणा राख्नुभएको थियो ।कार्यक्रमको अन्त्यमा फोहोर संकलन सँगै व्यवस्थापन पनि गरिएको थियो । फोहोर व्यवस्थापन र वातावरणमैत्री पर्यटनका विषयमा व्यवहारिक सन्देश दिने उद्देश्यले चौंरी क्षेत्रको फोहोर संकलन गरी उक्त कार्यक्रम सम्पन्न गरीएको थियो ।
















KELME























